का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ असार २०८१,
बुधबार
3 July 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १४१ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com

# एक्लिए प्रचण्ड ओलीको हातमा सत्ता

नेकपा माओवादी केन्द्र ९ वर्षपछि प्रतिपक्षी भूमिकामा धकेलिएको छ । नेकपा एमालेले सत्ता समीकरण तोड्दै नेपाली कांग्रेससँग सहकार्य गर्न पुगेपछि माओवादी केन्द्रको भूमिका बदलिएको हो ।



*आफू नेतृत्वमा नयाँ सरकार बन्ने भएपछि नेपाली कांग्रेसको केन्द्रीय मुख्यालय सानेपा पुगेका एमाले अध्यक्ष केपी शर्मा ओली । तस्वीर: कांग्रेस मुख्यालय*



हामी मात्रै हुनुपर्छ, अरू दल हुनु हुँदैन भनेर कांग्रेस-एमालेले जुन संविधान संशोधनका कुरा गरेका छन् । यो पश्चगमनको यात्रा हो ।

**■ दीनानाथ शर्मा**
**सचिव, माओवादी केन्द्र**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार परिवर्तन हुने भएको छ। नेपाली कांग्रेस र नेकपा एमालेका बीच सोमबार मध्यरात नयाँ सरकार बनाउने सहमति भएको छ । यो सहमतिसँगै १० पुस २०७९ मा बनेको प्रचण्ड नेतृत्वको सरकारको विकल्प तयार भएको हो ।

कांग्रेस र एमालेको सहमति अनुसार एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्नेछ । आफ्नो नेतृत्वमा सरकार बन्ने भएपछि ओलीले पार्टी पदाधिकारी बैठक राखेर अन्य दलहरुलाई पनि सरकारमा आउन भनेका छन् ।

एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आफैँले भेटेर नयाँ सरकारलाई सहयोग गर्न भनेका छन् । आफ्नो नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बन्ने भन्दै उनले सघाउन भनेका हुन् ।

तर माओवादी केन्द्रले ओलीको प्रस्ताव अनुसार राष्ट्रिय सहमतिको सरकार बनाउने प्रस्ताव अस्वीकार गरेको छ । माओवादी केन्द्र पदाधिकारी बैठकले प्रधानमन्त्रीबाट राजीनामा नदिएर संसदका विश्वासको मत फेस गर्ने निर्णय पनि गरेको छ ।

मंगलबार बिहान बालुवाटारमा बसेको पार्टीको पदाधिकारी बैठकले प्रधानमन्त्री प्रचण्डले राजीनामा नदिने निष्कर्ष निकालेको हो । माओवादी सचिव दीनानाथ शर्माका अनुसार अब विश्वासको मतबाटै हट्ने निर्णय माओवादीले गरेको हो । यसका साथै, कांग्रेस-एमालेको गठबन्धन पश्चागमन तर्फ उन्मुख रहेको निष्कर्ष माओवादीले निकालेको छ ।

'हामी मात्रै हुनुपर्छ । अरू दल हुनुहुँदैन भनेर कांग्रेस-एमालेले जुन संविधान संशोधनका कुरा गरेका छन् । यो पश्चगमनतर्फको यात्रा हो,' सचिव शर्माले भने ।

नक्कली भुटानी शरणार्थी प्रकारणमा एमाले उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा प्रतिक पक्राउ परेपछि अतालिएर कांग्रेस-एमाले मिलेको माओवादी नेताहरु बताउँछन् ।

तर जे जस्तो तर्क गरेता पनि माओवादी केन्द्र नेतृत्वको सरकारको विकल्प खुला भएको छ । सत्ताबाट बाहिरिएसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड कमजोर प्रतिपक्षमा पुगेका छन् । संघीय मात्रै नभएर उनी नेतृत्वको माओवादी केन्द्रले सातै प्रदेशको सरकार गुमाएको छ । प्रचण्ड कमजोर हुँदा एमाले अध्यक्ष ओली सत्तामा पुग्ने भएका छन् । उनी नेतृत्वमा सरकार बन्ने भएको छ ।

यसअघि २०७८ साल असार अन्तिममा एमाले अध्यक्ष ओली प्रतिनिधि सभा विघटनको विषय सर्वोच्च अदालतबाट बदर हुँदै गर्दा सर्वोच्च अदालतको परमादेशबाटै हटेका थिए । सर्वोच्च अदालतको परमादेशबाट हटेका ओली पुन: प्रधानमन्त्री भएर सत्तामा पुग्दैछन् ।

कांग्रेस र एमालेबीच ६ वटा प्रदेश मध्ये तीन/तीन वटा प्रदेशको नेतृत्व लिने सहमति भएको छ । मधेश प्रदेशमा भने मधेश केन्द्रित दलको नेतृत्वमा सरकार बनाउने प्रारम्भिक सहमति छ । सहमति अनुसार अब सात वटै प्रदेश सरकार बदलिनेछन् ।

कांग्रेस र एमालेको समीकरण बनेसँगै १८ महिनादेखि संघीय सरकारको नेतृत्व गरिरहेको र सातै प्रदेशमा >>> पृष्ठ २ मा

**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रस्तावित आयुक्तविरुद्ध गम्भीर आरोप

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ असार ।



निर्वाचन आयोगको आयुक्तमा सिफारिस कृष्णमान प्रधानको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढेको छ । संसदीय सुनुवाईले उनीविरुद्ध उजुरी आह्वान गर्दा यौन दुराचारको आरोप लगाएर उजुरी परेको छ ।

संवैधानिक परिषदले प्रधानलाई सिफारिस गरेपछि सुनुवाइ समितिले १० दिनको समय दिएर गरेको आह्वानका क्रममा यस्तो आरोप लागेर उजुरी परेको हो । उजुरीमा आफ्नै कार्यालयमा काम गर्ने महिलामाथि यौन शोषण गरेको आरोप लागेको छ । त्यससँग सम्बन्धित चार उजुरी परेका छन् ।

चारै उजुरी अध्ययनका लागि सांसदहरुलाई वितरण गरिएको छ । निर्वाचन आयोगको आयुक्तमा सिफारिस भएका प्रधानविरुद्ध यो आरोप लागेर आएको उजुरीले झस्किएको संसदीय सुनुवाइ समितिका सदस्यहरू बताउँछन् ।

'उजुरी निक्कै गम्भीर प्रकृतिको छ । उनले यौन शोषण गरेको विषय बाहिर जान नदिनका लागि महिलालाई आर्थिक प्रलोभनमा पारेर मिलापत्र समेत गरिएको रहेछ' एक सांसदले भने । नेपाल ल सोसाइटीको कार्यकारी निर्देशक रहेका प्रधानलाई यही असार दुई गते संवैधानिक परिषदले आयुक्तका लागि सिफारिस गरेको थियो ।

> निर्वाचन आयोगको आयुक्तमा सिफारिस कृष्णमान प्रधानविरुद्ध गम्भीर आरोप लागेको छ । यौन दुराचारको आरोप लागेर उजुरी परेपछि संसदीय सुनुवाइ समितिका सदस्यहरु झस्किएका छन् ।

पीडित महिता आफैले समितिमा दर्ता गरेको जनाइएको छ । जहाँ उपसमितिले आफूलाई कार्यालयभित्र सन् २०१९ देखि २०२२ सम्म निरन्तर यौन शोषण गरेको आरोप लगाएकी छन् ।

यो घटनाको विषयलाई लिएर आफू प्रहरीको पुगे पनि उल्टै आफूलाई पक्राउ गरेर हनी ट्र्याप र गाली बेइज्जती मुद्दा लगाएर जेल हालिदिने धक्की दिएर मिलापत्रका लागि बाध्य पारिएको दाबी उजुरीकर्ताको छ ।

# हदबन्दी छुटको जग्गा बेच्न पाइने

हदबन्दी छुटको जग्गा बच्न पाइने गरी कानून बन्ने निश्चित भएको हो । संघीय संसदबाट पारित विधेयक राष्ट्रपतिले प्रमाणीकरण गरेपछि हदबन्दीभन्दा बढी जग्गा रहेको अवस्थामा बेच्न र बैंकमा धितोसमेत राख्न पाइनेछ ।



लगानी सहजीकरण विधेयक आवश्यकताका अधारमा ल्याइएको हो । यसले विदेशी र स्वदेशी लगानी आकर्षित गर्ने सरकारको विश्वास छ ।

**■ दामोदर भण्डारी**
**उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १८ असार ।

हदबन्दी भन्दा बढी जग्गा रहेको अवस्थामा बेच्न र बैंकमा धितो समेत राख्न नपाउने प्रचलित कानून बदलिने भएको छ । यसका लागि सरकारले ल्याएको लगानी सहजीकरण सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्ने विधेयक संघीय संसदको दुवै सभाबाट पारित भएको छ ।

यो सँगै हदबन्दी छुटको जग्गा बच्न पाइने गरी कानून बन्ने निश्चित भएको हो । अब यो विधेयक राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमणीकरण गरेपछि लागू हुन्छ । त्यसपछि हदबन्दी छुटको जग्गा बेच्न पाइनेछ । भूमि सम्बन्धी ऐनको दफा १२ मा थप व्यवस्था गरेर यस्तो प्रावधान राखिएको छ ।

जहाँ भनिएको छ, 'सरकारद्वारा जारी सुचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दी भन्दाबढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा बैंक तथा वित्तीय संस्थाको ऋण परफारक र दायित्व भुक्तानी गर्नका लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधिनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन ।' भूमिसम्बन्धी ऐनअनुसार पहाडमा व्यक्ति/संस्थाले अधिकतम् ७५ रोपनी, उपत्यकामा २५ रोपनी र तराईमा १० बिघासम्म जग्गा राख्न पाउँछन् ।

तर सरकारले उद्योग, कम्पनी, प्रतिष्ठान वा संस्थालाई प्रयोजन >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# यूएईस्थित नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरण प्राय: ठप्प

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार

नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य यूएईस्थित नेपाली दूतावासमा मागपत्र प्रमाणीकरण लगभग स्थगितको अवस्थामा पुगेको छ । यूएईस्थित नेपाली दूतावासले गत जुन १० देखि परराष्ट्र मन्त्रालयले तयार पारेको अनलाइन प्लेटफर्मलाई वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)सँग समन्वय गरी मागपत्र प्रमाणीकरण शुरु गरेको थियो ।

तर प्रणालीमा शुरुदेखि देखिएको समस्या समाधान नहुँदा मागपत्र प्रमाणीकरणको काम विगत १५ दिनयता ठप्प जस्तै भएको व्यवसायीहरु बताउँछन् । दूतावासले प्रयोगमा ल्याएको प्रविधिले काम नगरी मागपत्र प्रमाणीकरणमा गम्भीर समस्या देखिँदासमेत समाधानका लागि ठोस पहल नभएको व्यवसायीहरुको गुनासो छ । कतिपयले नगद लेनदेनका लागि फाइल अड्काएको आरोप लगाउँदै आक्रोश व्यक्त गर्ने गरेका छन् ।

पटक-पटक दूतावास जाँदा पनि मागपत्र नै प्रमाणीकरण नहुँदा नेपालबाट कामदार लैजान चाहने यूएईका रोजगारदाताहरुले पनि दिक्दारी र निराशा व्यक्त गर्दै आएका छन् । त्यसकै कारणले कतिपय रोजगारदाताले अन्य स्रोत मुलुकबाट कामदार लैजान थालेको बताइएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यूएईको रोजगारीका समस्या समाधान गर्ने जिम्मेवारी पाएका संयोजक नारायण भुसाल अनलाइनबाट मागपत्र प्रमाणीकरण नभएको व्यवसायीबाट निरन्तर गुनासो आएको, तर दूतावासका तर्फबाट लामो समयसम्म समस्या समाधान नहुँदा आफू जवाफविहीन बनेको बताउँछन् । संयोजक भुसाल आफैंले १५ दिन अगाडि पेश गरेका दुई वटा फाइल प्रमाणीकरण भएका छैनन् । समस्या समाधानको जिम्मेवारी पाएको आफैंले आफ्नो समस्या समाधान गर्न नसकेपछि आफू ऐठनको अवस्थामा पुगेको र व्यवसायीहरुका अगाडि जवाफविहीन अवस्थामा पुगेको उनले बताए ।

दूतावासले प्रयोगमा ल्याएको प्रणालीबाट सहजरुपमा अनलाइन प्रमाणीकरण >>> पृष्ठ २ मा

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicant.

Documentation : 2 (Female)

Salary 20000 to 30000

**Requirements:**
- ★ Minimum 2 Years Of Experience In Related Field.
- ★ Bachelor Pass or Bachelor running will be priority given.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at earthsmartnepal1050@gmail.com*

**Earth Smart Human Resources Nepal Pvt.Ltd.**
Gov. Lic No. 1050/073/074
Sinamangal- 9, Kathmandu, Hotline No: 01-5900437 Tel : 4488286, 4487985
Mobile No: 9851144106. Web.: www.earthsmart-nepal.com

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: TAWASUL TRANSPORT    शहर: UAE, Abu Dhabi
पूर्व स्वीकृत मिति: २०७९/०८/११    चलानी नं.: ६०१९२२७७    LT. No.: 276620    पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Drive/Taxi Driver | 102 | 0 | स. काममा दक्ष | 1600 | ५८,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता स्थान, मिति**
जनप्रिय थकाली भान्साघर, पोखरा, कास्कीमा २०८१ असार २६ गते (10 July 2024) मा हुनेछ ।
मेनपावर कार्यालय, बसुन्धरा-३, काठमाडौंमा २०८१ असार २७, २९, ३०, ३१ र साउन १ गते (11, 13, 14, 15 & 16 July 2024) मा हुनेछ ।
सिपी होटल, विर्तामोड, झापामा २०८१ असार २८ गते (12 July 2024) मा हुनेछ ।
रेड कार्पेट होटल, भरतपुर, चितवनमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550/5904664
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ असार २०८१, बुधबार
3 July 2024, Wednesday

# रौतहटमा असारे विकासको चटारो

ओम प्रकाश यादव/मध्यान्ह
रौतहट, १८ असार



असार मसान्त सकिनै लाग्दा रौतहटमा यतिखेर धमाधम विकास निर्माणका काम भइरहेको छ। असारे विकास सकाउन यतिखेर उपभोक्ता समिति र ठेकेदारहरुलाई भ्याइनभ्याइ छ।

वर्षभरी कामै नगरी बस्ने र आर्थिक वर्षको अन्त्यमा असारमा आएर मात्र बजेट सिध्याउने तीनै तहका सरकारको परिपाटी अझै अन्त्य हुन सकेको छैन।

यसरी वर्षभरीको काम असार अर्थात् एक महिनामा मात्र गर्नुपर्दा विकास निर्माणका कामहरु गुणस्तरीय नहुँदा सरकारको अर्बौं, करोडौंको लगानी बालुवामा पानी हाले झैं हुने गरेको छ।

जिल्लाको अधिकांश स्थानमा बजेट सिध्याउने असारे विकासको चटारो यसवर्ष पनि अत्यधिक देखिएको छ। देशको संरचना बदलिए पनि असारमा नै बजेट सक्न भ्याइनभ्याइ गर्ने प्रवृत्तिमा कमी आएको देखिदैन। असार शुरु भएदेखि नै मठ, मन्दिर, मस्जिद, विद्यालय भवन निर्माण, सडक ढलान, गोरेटो बाटो, नाली सफाइ, खानेपानी, सिँचाइ कुलो, पोखरी, मर्मतजस्ता काम टोलैपिच्छे चलिरहेका छन्। हरेक आर्थिक वर्षको अन्त्यमा हुने असारे विकास केवल बजेट सक्ने काम मात्रै हुने गरेको पाइन्छ।

सरकारले बजेट पारित अघिल्लो वर्षको असारमै गरे तापनि बजेट सक्ने उद्देश्यले अन्तिम समयमा काम हुँदा गुणस्तरमा लापरवाही हुने गरेको छ। यसले गर्दा हरेक वर्ष विकास निर्माणमा छुट्याइएको बजेट बालुवामा पानी हाले सरह हुने गरेको छ।

त्यस्तै छोटो समयमा हुने विकास निर्माणको काममा ठूलो मात्रामा आर्थिक अनियमितता हुने गरेको छ। यो समयमा भएको विकास केवल क्षणिक हुन्छ। एकातर्फ वर्षातको समय र अर्कोतर्फ छोटो समयमा भएको विकास कागजी रुपमा मात्र सीमित हुन्छ।

वर्षायामको समयमा हुने विकास-निर्माणका कार्यहरू गुणस्तरीय नभई केवल बजेट सक्ने काम मात्र हुने गरेको इशनाथ नगरपालिकाका मोहम्मद एकलाख बताउँछन्।

इशनाथ नगरपालिकामा पूर्वाधार विकास कार्यालय रौतहटमार्फत भइरहेको सडक ढलान कार्यमा उपभोक्ता समितिले चरम लापरवाही गरेको र गुणस्तरहीन सामग्री प्रयोग गरेको भएपनि सम्बन्धित निकायले अनुगमन गर्न नसकेको एकलाखको भनाइ छ।

इशनाथमा उपभोक्ता समितिमार्फत भइरहेको सडक ढलानमा चरम लापरवाही गरिएको उनको गुनासो छ। ग्रावेल समेत नगरी वर्षाले हिलो भएको हिलाम्य सडकमै ढलान गर्ने गरेको भएपनि काम गुणस्तरीय गराउने जिम्मेवारी पाएका अर्थात् अख्तियारी दिएका निकाय पूर्वाधार विकास कार्यालय रौतहटले अनुगमन गर्न कुनै चासो नलिएको उनले बताए।

विना होर्डिङ बोर्ड राखेर काम गर्ने अन्तिम म्याद सकिएको भएपनि काम अझै भइ नै रहेको भएपनि पूर्वाधार कार्यालय गौरले काम गराउनेलाई कारवाही गर्न कुनै चासो नदेखाएको उनले बताए।

उनले भने, 'असारमा हुने कामहरु टिकाउ हुँदैन, उपभोक्ता समिति र ठेकेदारहरु काम सकाउनुपर्ने समय धेरै कम पाएको हुन्छ। असार मसान्तभित्रमा जसरी भएपनि काम सम्पन्न गर्नुपर्ने म्याद पाएको हुन्छ, त्यसैले असार मसान्तसम्म काम सम्पन्न नभए बजेट नै फ्रिज हुने डरले तिनीहरु हतार/हतारमा काम गर्ने गर्छन्, यसरी हतारमा गरिएको काम एकातर्फ गुणस्तरीय नहुँदा टिकाउ हुँदैन, भने अर्कोतर्फ ठूलो आर्थिक अनियमितता हुन्छ।'

# उदयपुरमा एसईई परीक्षामा ३३.५ प्रतिशत विद्यार्थी उत्तीर्ण

बिन्द्र राई/मध्यान्ह
उदयपुर, १८ असार



उदयपुरमा २०८० सालको एसईई परीक्षामा ३३.५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। शिक्षा विकास तथा समन्वय इकाइ उदयपुको तथ्यांक अनुसार त्रियुगा, बेलका, कटारीलगायत ८ वटै पालिकाका सामुदायिक तथा संस्थागत विद्यालयबाट परीक्षामा सहभागी नियमिततर्फ ५ हजार ८ सय ६३ विद्यार्थीहरुमध्ये १ हजार ९ शय ५६ ग्रेडमा परेका अर्थात पास भएका छन्। ३ हजार ९ सय ७ विद्यार्थी ननग्रेड अर्थात अनुत्तीर्ण भएका छन्।

शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरको परीक्षा शाखा अधिकृत अर्जुन कुमार कार्कीले तथ्यांकमा सामुदायिकतर्फ ४ हजार ८ सय १० विद्यार्थीहरु सहभागी भएकोमा १ हजार १ सय ४६ विद्यार्थी उत्तीर्ण र ३ हजार ६ सय ६४ विद्यार्थी अनुत्तीर्ण भएको उल्लेख छ। त्यस्तै संस्थागततर्फ परीक्षामा सहभागी १ हजार ५३ विद्यार्थीहरुमा ८ सय १० जना उत्तीर्ण र २ सय ४३ जना अनुत्तीर्ण भएका छन्।

शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरको प्राविधिक सहायक मैनाकला लिम्बूले सामुदायिक तर्फका विद्यालयबाट हडियाको मनीषा फुयाल जिल्ला प्रथम भएको जानकारी दिइन्। उनले परीक्षामा ग्रेडवृद्धि र प्राविधिकतर्फ कूल ३ सय ४४ विद्यार्थी सहभागी भएकोमा अनुमानित ८० प्रतिशत उत्तीर्ण भएको बताइन्। शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरको तथ्यांकमा २०८० को एसईई परीक्षामा २२ वटा सामुदायिक विद्यालय ग्रेडमा पर्न असफल भएको उल्लेख गरिएको छ।

# पोखरीमा डुबेर दुई बालकको मृत्यु



मनु यादव निरज/मध्यान्ह
सिरहा, १८ असार

सिरहामा पोखरीमा डुबेर दुई बालकको मृत्यु भएको छ। नरहा गाउँपालिका-३ खोरिया टोलका शुशील मण्डलका छोरा ६ वर्षीय राहुल मण्डल र शुशीलकै भान्जा करिब ८ वर्षीय आशिष मण्डलको पोखरीमा डुबेर मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय मिर्चैयाका अनुसार सोमबार दिउँसो ११ बजेबाट हराइहेका दुबै बालक प्रहरीको समेत सहयोगमा राति अबेरसम्म खोजतलास गर्दा पनि फेला परेका थिएनन्।

मंगलबार बिहान गाउँकै एक स्थानीयले खेत खन्न गएको बेला बसन्त यादवको पोखरीमा शव तैरिरहेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी पञ्चकुमार बाखुले जानकारी दिए। खबर पाएलगत्तै घटनास्थलमा पुगेको प्रहरी टोलीले आवश्यक प्रक्रिया पूरा गरी शव पोष्टमार्टमका लागि प्रादेशकि अस्पताल सिरहा लगेको छ।

यस क्षेत्रमा पोखरीका साथै जथाभावी ग्राभेल उत्खननका कारण जतातते बनेको खाल्डोमा डुबेर वर्षेनी बालबालिकाको ज्यान जाने गरेको छ।

वर्षायाम शुरु भएसँगै खाल्डो र पोखरीहरूमा पानीको सतह बढ्ने र यसले मानवीय दुर्घटना निम्त्याउने जोखिम रहेको भन्दै प्रहरीले बालबालिकामाथि विशेष निगरानी राख्न आग्रह गरेको छ।

# छलगाड र भेरी नदीको दोभानमा फस्यो बस, ३४ यात्रुको सकुशल उद्धार

पूर्ण कुमार/मध्यान्ह
डोल्पा, असार १८



हिमाली जिल्ला डोल्पाको छलगाड खोलामा आएको बाढीमा रात्रिकालीन बस फसेको छ। मंगलबार दिउँसो सदरमुकाम दुनैदेखि नेपालगञ्जतर्फ जाँदै गरेको ना ५ ख १७५८ नं को बस त्रिपुरासुन्दरी नगरपालिका १ त्रिपुराकोटस्थित छलगाड खोलामा एक्कासी आएको बाढीमा फसेको हो।

खोलामा बस गुड्दै गर्दा एक्कासी खोलाको बहाव बढेपछि गाडी फसेको थियो। फसेको केही क्षणमा सानो डोजर लगाई केही छेउसम्म पुऱ्याउने काम गरिएता पनि केही छिनपछि खोलाले तीव्र गति लिएसँगै उद्धारमा समस्या भएको थियो।

बसमा सवार ३४ जनालाई भने त्रिपुराकोट प्रहरी चौकीका इन्चार्ज प्रहरी नायब निरीक्षक रमेश बहादुर सिंहसहितको टोली, डोल्पा फोक्सुण्डो यातायात समितिका पदाधिकारीहरु र स्थानीयको सहयोगमा समयमै उद्धार गरिएको थियो। खोलाको बहाव बढी रहेकै कारण बसमा भएको क्षति विवरण भने आउन सकेको छैन। यद्यपी बसको डिकीमा एउटा खसी रहेको बताइएको छ, भने बसको छतमा राखिएको सामान र बसभित्र राखिएको ३ बोरा दाल र आलु समेत क्षति भएको हुन सक्ने प्रहरी नायब निरीक्षक सिंहले बताए।

सिंहका अनुसार खोलाको बहाव कम भएपछि स्थानीय सरकारसँग समन्वय गरेर बसलाई बुधबार बिहानसम्म उद्धार गरिने छ। रात परेको कारण मंगलबार उद्धारमा समस्या भएको उनको भनाइ छ।

भेरी करिडोर सडकखण्ड अन्तर्गत पर्ने उक्त ठाउँमा समयमै पक्की पुल निर्माण नहुँदा दैनिक नागरिकले सास्ती खेप्नु परेको छ। यहाँ मात्रै होइन अहिले भेरी करिडोर अन्तर्गत जाजरकोट-डोल्पा सडकखण्ड ११८ किलोमिटरभित्र पर्ने खोलामा पक्की पुल निर्माणमा कसैले चासो नदिँदा नागरिकले सास्ती खेपिरहेका छन्।

सडकखण्ड अन्तर्गत पर्ने धेरैजसो खोलाहरुमा पक्की पुल निर्माणको लागि केही निर्माण कम्पनीले ठेक्का समेत पाइसकेका छन्। यसरी ठेक्का पाएको वर्षौं बितिसक्दा समेत निर्माण कम्पनीले काम शुरु नगर्दा बर्खाको समयमा डोल्पाका नागरिकले दैनिकी सास्ती खेप्नु परेको छ।

# आगलागी पीडितलाई सहयोग

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, १८ असार



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नं ३ नेपानेका आगलागी पीडितलाई आर्थिक सहयोग गरिएको छ। नेपाने निवासी धन बहादुर बोहरा र युवराज वि.क घरमा गत वैशाखमा आगलागी हुँदा करोडौंको क्षति भएको थियो।

नेकपा माओवादी केन्द्र बाँफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीले आर्थिक सहयोग संकलन गरेका थिए। अध्यक्ष केसीले हालसम्म ४३ हजार सहयोग संकलन भएको र ढिलै भएपनि दु:खमा मलहम लगाउन सकिएको बताए। उनका अनुसार उक्त रकम केही अमेरिका गएका र केही स्थानीयले सहयोग गरेका थिए।

उनका अनुसार सहयोग गर्नेहरुमा वडा नं ५ स्यार्पु घर भइ हाल अमेरिकामा रहेका डम्बर केसी ५ हजार रुपैयाँ, स्यानीदह वडा नं ३ का लाल बहादुर वलीले ५ हजार, स्यार्पु ५ का प्रकाश केसीले ५ हजार, स्यानिदह ३ का आशीष केसीले ३ हजार, वडा नं ३ डार्नेका चन्द्र बहादुर केसीले १० हजार, भुपेन्द्र केसीको संयुक्त टिमबाट १५ हजार रुपैयाँ सहयोग प्राप्त भएको हो। उक्त रकम तीन नम्बर वडा कार्यालयमा एक कार्यक्रमबीच हस्तान्तरण गरिएको अध्यक्ष केसीले बताए।

## एक्लिए...

सरकारमा रहेको माओवादी केन्द्र मधेश प्रदेश बाहेक सबैतिर प्रमुख प्रतिपक्षीय भूमिकामा पुग्नेछ। मधेश प्रदेशमा भने कांग्रेस र एमालेले सरकार बनाउन माओवादी वा मधेशकेन्द्रित कुनै दलको साथ लिनुपर्नेछ।

१०७ सदस्यीय मधेश प्रदेशमा सरकार बनाउन आवश्यक ५४ सांसद चाहिन्छ। जहाँ एमालेसँग २५ र कांग्रेससँग २२ गरेर ४७ सांसद छन्। सरकार बनाउन ७ जना सांसद संख्या पुग्दैन। यहाँ जनता समाजवादी पार्टी नेपालसँग १९, जनमत पार्टीसँग १३, लोकतान्त्रिक समाजवादी फोरम र माओवादी केन्द्रसँग ९/९ र एकीकृत समाजवादीसँग ७ सांसद छन्। राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी नेपालको १/१ सांसद छन्।

यही अंकगणितका आधारमा एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई मधेश प्रदेश सरकारको नेतृत्व लिएर संघीय सरकारलाई समर्थन गर्न आग्रह गरेका थिए।

कांग्रेससँग आफ्नो नेतृत्वमा सरकार बनाउने सहमति गरेपछि एमाले अध्यक्ष ओली बुधबार बिहानै प्रधानमन्त्री प्रचण्डलाई भेट्न प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए। उक्त भेटमा ओलीले 'मधेश प्रदेश सरकारको विषयमा कांग्रेस र एमालेका बीचमा सहमति नभएको' उल्लेख गर्दै उक्त प्रदेशको नेतृत्व लिने गरी भूमिका खेल्न आग्रह गरेका हुन्।

## हदबन्दी...

खुलाएर जग्गामा हदबन्दी छुट दिन सक्छ। त्यसरी छुट लिएर राखेको हदबन्दी भन्दा बढीको जग्गा जुन प्रयोजनका लागि राखेको हो, त्यसमै प्रयोग गर्नुपर्ने प्रचलित व्यवस्था बदल्ने गरी प्रतिनिधि सभाले विधेयक पारित गरेको हो।

उद्योगको क्षमता बृद्धि गर्न हदबन्दीभन्दा बढीको जग्गाको ५० प्रतिशतसम्म धितो राख्ने व्यवस्था पनि प्रतिनिधि सभाबाट सदर भएको छ। औद्योगिक व्यावसाय ऐनको दफा ३२ मा थप व्यवस्था राखेर यस्तो व्यवस्था राखिएको छ।

जहाँ भनिएको छ, 'प्रचलित कानुन बमोजिम हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गको पचास प्रतिशतसम्म जग्गा विस्कृति परियोजना प्रतिवेदन डीपीआर) को आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगले क्षमता अभिवृद्धिको लागि बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।'

हदबन्दी बढी जग्गा राख्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) तयार गरी स्वीकृत गर्नुपर्ने प्रावधान भने थप भएर विधेयक संघीय संसदको दुवै सभाबाट पारित भएको को छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले हदबन्दी बढी जग्गा राख्न डिपिआर र इआइए तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था थप गर्न सरकार तयार रहेको बताए। जसलाई दुवै सभाले बहुमतले पारित गरेको छ।

'...हदबन्दी बढी जग्गा राख्न अनुमति प्राप्त गर्नु अघि कुनै सार्वजसनिक संस्था, उद्योग, कम्पनि, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा संघ संस्थाले जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन डिपिआर र वातावरणीय प्रभाव मुल्यांकन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गर्नुपर्नेछ' विधेयक पारित अनु अगाडि अघि मन्त्री भन्डारीले भने। सरकारल गत वैशाख १६ र १७ गते काठमाडौंमा लगानी सम्मेलन गरेको थियो।

त्यसबेला विदेशी लगानी आकर्षित गर्न नीतिगत सुधार गर्ने भन्दै सरकारले ८ वटा ऐनलाई संशोधन गर्ने गरी लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको थियो।

सोही अध्यादेशको व्यवस्थालाई हुबहु राखेर सरकारले गत जेठ २८ गते ल्याएको प्रतिस्थापन विधेयकलाई प्रतिनिधि सभाले सोमबार र राष्ट्रिय सभाले मंगलबार पारित गरेको हो। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले यो विधेयकलाई 'आवश्यकतामा अधारमा ल्याइएको र यस्तो प्रावधानले विदेशी र स्वदेशी लगानी आकर्षित गर्ने' बताएका छन्।

## यूएईस्थित...

नभएपछि कम्तीमा असार मसान्तसम्म पहिलेकै प्रणाली अर्थात फेमिसमार्फत मागपत्र प्रमाणीकरण गरिदिन उचित हुने भन्दै दूतावासलाई पटक-पटक आग्रह गरेको तर दूतावासबाट समस्या समाधानका लागि काम नभएको संघका महासचिव मेघनाथ भुर्तेलको भनाइ छ।

वैदेशिक रोजगार विभागले प्रयोग गरिरहेको सफ्टवेयर र परराष्ट्र मन्त्रालयले तयार पारेको अनलाइन प्रणालीमा एकअर्कासँग उचितरुपमा समन्वय (कम्प्याक्ट) नहुने समस्या शुरुवातदेखि नै देखिएको हो। मागपत्र प्रमाणीकरण नहुँदा यूएईको आकर्षक रोजगारी, नेपालले दैनिकरुपमा प्राप्त गर्ने राजस्व र नेपालप्रतिको रोजगारदाताको विश्वसनीयता सबै गुमेको अवस्था छ। प्राविधिकहरुले समस्या समाधानका लागि काम गरिरहेको बताए पनि लामो समय समस्या समाधान नहुँदा कतिपय व्यवसायीले नेपाली दूतावासका राजदूत र दूतावासका कर्मचारीको जिम्मेवारी के हो ? भनि आक्रोश व्यक्त गर्ने गरेका छन्। नेपाली कामदारको अर्को प्रमुख रोजगार गन्तव्य मलेसिया एक महिनायता लगभग पूर्णरुपमा ठप्प रहेको छ।

संयोजक भुसालले अनलाइन प्रणालीमा समस्या आइ समयमै मागपत्र प्रमाणीकरण नहुँदा व्यवसायीले इजाजतपत्र नवीकरण गर्नकै लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने विषयमा पनि प्रतिकूल असर परेको बताए। दूतावासको कमजोरीका कारण नेपालीका लागि आकर्षक रोजगारीको अवसर गुम्ने र त्यसले दीर्घकालीनरुपमा रेमिट्यान्स आप्रवाहमा पनि नकारात्मक असर पार्ने अवस्थामा समस्याको समाधानका लागि दूतावास अग्रसर नै नभएको कतिपयको भनाइ छ।

अनलाइन प्रणाली लागू गर्ने विषयमा छलफल हुँदा पूर्णरुपमा तयारी गरेर गल्फ कोअपरेशन काउन्सिल (जीसीसी) अन्तर्गतका खाडी मुलुकमा रहेका नेपाली दूतावासहरु एकसाथ अनलाइन प्रणालीमा जाने सहमति भएको थियो। तर यूएईस्थित नेपाली दूतावासले छोटो समयको सूचनाका आधारमा गत जुन १० देखि नै अनलाइन शुरु गर्नु र त्यसलाई सहज नगर्नुलाई धेरै वैदेशिक रोजगार व्यवसायीले गम्भीररुपले लिएका छन्।

अन्य स्रोत मुलुकहरुको तुलनामा नेपालबाट कामदार लैजाने प्रक्रिया यसअघि नै झन्झटिलो भन्दै रोजगारदाताहरुको गुनासो रहेको थियो। मागपत्र प्रमाणीकरणमा थपिएको थप झन्झटले दीर्घकालीनरुपमा नै नेपालीको श्रम बजार बिथोलिने चिन्ता बढाएको दूतावासमा तीन हप्ताअघि फाइल पेश गरेका एक व्यवसायी बताउँछन्। नेपाली दूतावासले भने नयाँ प्रणालीको विकास गर्दा समय लाग्ने भन्दै मागपत्र अनलाइन प्रमाणीकरण नभएको बताउने गरेको छ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **स्यारोन मेनपावर सर्भिसेस प्रा.लि. (इजाजत पत्र नं. ६४७/०६३/०६४)** मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| क्र. स. | नाम | पद | नागरिकता नम्बर |
|---|---|---|---|
| 1 | Pradeep Gyawali | Admin Officer | 3050/985 |
| 2 | Sunil Gautam | P.R.O. | 5532/398/044 |

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



## बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

### सम्पत्ती तथा मालसामानको लिलाम बढाबढको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०३/१९

यस कार्यालयमा रहेका सम्पत्ती तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नको लागि सम्पत्ती तथा मालसामानको लिलाम बढाबढको सूचना प्रकाशन गरिएको छ। विस्तृत सूचना कार्यालयको वेभसाइट www.bardaghatmun.gov.np मा रहेको व्यहोरा समेत जानकारी गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत



## छिन्चु-जाजरकोट (२५ कि.मि.) सडक खण्ड स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/१९

कर्णाली प्रदेश, सुर्खेत जिल्ला अन्तर्गतको गुर्भाकोट नगरपलिका र भेरीगंगा नगरपलिकामा सडक विभाग अन्तर्गतको सडक डिभिजन सुर्खेत, सुब्बाकुना, सुर्खेतद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | सडक विभाग<br>सडक डिभिजन सुर्खेत<br>सुब्बाकुना, सुर्खेत<br>फोन नं.: +९७७- ८३-४११३४५<br>ई-मेलः rd_surkhet@dor.gov.np |
| प्रस्तावको व्यहोरा | छिन्चु-जाजरकोट (२५ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना<br>सडकको प्रकार : राजमार्ग (छिन्चु-कुदु-जाजरकोट-दुनै-धो-तिन्जे-मरिम (भेरी कोरिडोर, NH 57)<br>• प्रस्तावित क्षेत्राधिकार (Right of Way) : ५० मि. (सडका विच रेखाबाट दायाँ/बाँया २५/२५ मि.)<br>• फर्मेसन चौडाई (Formation Width):<br>• वन क्षेत्रमाः ९ मि. (नाली बाहेक)<br>• बस्ती क्षेत्रमाः १५.५ मि. (नाली बाहेक) |
| प्रभाव पर्ने जिल्ला तथा नगरपालिका (हरु) | सुर्खेत जिल्ला : गुर्भाकोट नगरपलिका र भेरीगंगा नगरपलिका |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ सार्वजनिक सूचना मार्फत योजनाबाट प्रभावित नगरपालिका अन्तर्गतका सरकारी संघ/संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थिति भई अमुल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ।

| स्थान | मिति | समय |
|---|---|---|
| गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शुभाघाटको, सभाहल | २०८१/०३/२२ | बिहान १०:०० बजे |
| भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, छिन्चुको सभाहल | २०८१/०३/२२ | दिउँसो १:०० बजे |



## SAUDI मा रोजगार

कम्पनीः SAMA AL OROUBA ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE
शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/१८ चलानी नं.: ६०२२१८१९ LT. No.: 307059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार २६ गते (10 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Success Nepal Manpower Agency Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Phone No : 4970109 Lic. No. 987/067/068

# मुख्यमन्त्री सिंह र क्रिएसन नेपालबीच बहुआयामिक परियोजना सञ्चालानबारे छलफल

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ असार

मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंह र क्रिएसन नेपालका प्रतिनिधिबीच मधेश केन्द्रित बहुआयामिक परियोजना सञ्चालन गर्ने सम्बन्धमा छलफल भएको छ । सोमबार मुख्यमन्त्री निवास मधेश भवनमा द्विपक्षीय छलफल भएको हो ।

मुख्यमन्त्री सिंहले क्रिएसन नेपालले अगाडि सारेको परियोजनाहरु मधेश प्रदेशका लागि अत्यन्त आवश्यक रहेको बताउँदै प्रदेश सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाए ।

मधेश योजना आयोगका उपाध्यक्ष डा. सोहन साहले क्रिएसन नेपालले अगाडि सारेका परियोजनाहरु छिटोभन्दा छिटो कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

जलवायु परिवर्तन, प्लास्टिकजनन्य फोहोरमैला व्यवस्थापन, पर्यटन विस्तार, मधेश लगानी सम्मेलनलगायतका तत्काल परिणाम दिन सक्ने परियोजनाबारे छलफल भएको मुख्यमन्त्री सिंहको सचिवालयले जनाएको छ ।

क्रिएसन नेपालकी सचिव सुजाता कोइरालाको नेतृत्वमा आएको चार सदस्यीय टोलिले परियोजनाबारे विस्तृत प्रस्तुतीकरण गरेका थिए । सचिव कोइरालाले मधेश सरकारसँग



दिगो सहकार्य गरी परिणाम ल्याउनका लागि क्रिएसन नेपाल नेतृत्व लिन तयार रहेको बताइन् । छलफलमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रिनशिप्ट परियोजनाका प्रमुख युनिश घिमिरे, क्याप परियोजनाका लिड उज्ज्वल उपाध्याय र मिडिया सल्लाहकार अनन्त अनुराग पनि सहभागी थिए ।

# मोना कतारद्वारा ३ लाख रुपैयाँ अक्षयकोषलाई प्रदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ असार

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले एक कार्यक्रमका बीच मोना कतार बहुउद्देश्यीय अक्षयकोषलाई ३ लाख रुपैयाँ प्रदान गरेको छ । गत मार्च ८ तारिकमा मोना कतार बहुउद्देश्यीय अक्षयकोषको श्रीवृद्धिका लागि मोना कतारले आयोजना गरेको २१औ वार्षिकोत्सव तथा पाँचौं विविध सांस्कृतिक कार्यक्रममार्फत भएको बचतको रकम अक्षयकोषलाई प्रदान गरिएको हो ।

उक्त रकम मोना आईईसीका कोषाध्यक्ष नरेन्द्र फगामीको विशेष उपस्थितिमा मोना कतारका अध्यक्ष राजु पौडेल, संरक्षक रमेश पौडेल तथा कार्यसमितिको रोहबरमा मोना कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्कीसहितलाई हस्तान्तरण गरिएको हो । कार्यक्रमबाट भएको आम्दानी अक्षयकोषमा जम्मा गरिने र कार्यक्रमको आयव्ययसमेत सार्वजनिक गर्ने प्रतिबद्धताबमोजिम रकम हस्तान्तरण गरिएको अध्यक्ष पौडेलले बताए ।

पौडेलले कार्यक्रममा कूल ३८ हजार ७ सय ९४ रियाल आम्दानी भएको र २० हजार ६ सय ६३ रियाल खर्च भइ १८ हजार १ सय ३१ कतारी रियाल बचत भएको र सोही बचतमार्फत ३ लाख रुपैयाँ हस्तान्तरण गरिएको बताए । उनले कार्यक्रममार्फत नगद सहयोगका लागि प्रतिबद्धता गरिएको सबै रकम दाताबाट प्राप्त नभएको खुलासासमेत गरे ।

सहयोग रकम ग्रहण गर्दै कोषका अध्यक्ष कार्कीले मोना कतार आफैंमा कोषको संरक्षक संस्था रहेको र अध्यक्षसहित कार्यसमितिले प्रतिबद्धता गरेबमोजिम रकम हस्तान्तरण गरेकोमा धन्यवाद ज्ञापन गरे । उनले कार्यक्रम सफल बनाउने सबैलाई आभार व्यक्त गर्दै कतारदेखि गृह जिल्लासम्म सामाजिक क्षेत्रमा सक्रिय रहँदै मानवीय सेवा भावमा कोष लाग्ने बताए । उनले कोषलाई रु एक करोड मूल राशि बराबरको बनाउने अभियानलाई समेत तीव्रता दिइएको बताए । जिल्ला प्रशासन कार्यालय म्याग्दी बेनीमा सरकारी ऐन-नियम बमोजिम दर्ता भइ सञ्चालनमा आएको अक्षयकोष एक गैर सरकारी सामाजिक संस्था हो ।


## बैदेशिक रोजगारीको अवसर

**कम्पनिको नाम:** Base General Contracting Co. LLC — **ठेगाना:** Dubai, UAE
**पूर्व स्विकृती मिति:** २०२४/०७/०२ — **लट नं.:** ३०३०८४ — **चलानी नं.:** ६०२२१८११

| न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Worker | 17 | 0 | 1000 | 36347 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | 43616 | | | | | | | | |
| 3 | Brick Mason | 1 | 0 | 1200 | 43616 | | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | 43616 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रू. ७००, कामदार आफै | नि:शुल्क |

**Base General Contracting को अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०८१/०३/२६ गते हुनेछ ।**

**कम्पनिको नाम:** Blue Ocean International W L L — **ठेगाना:** Doha, Qatar
**पूर्व स्विकृती मिति:** २०२४/०७/०२ — **लट नं.:** ३०७०४१ — **चलानी नं.:** ६०२२१७८७

| न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean. Worker | 3 | 3 | 1000 | 36687 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रू. ७००, कामदार आफै | नि:शुल्क |

**Blue Ocean International को अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०८१/०३/२६ गते हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL PVT. LTD.**
PO Box: 2118, Kathmandu-32, Koteshwor, Behind Bhatbhateni Super Store, Kathmandu, Nepal. Tel No.: 01-5100669, 9816909265, 9851056076
E-mail: info.goodlifenepal@gmail.com
Lic No.: 17/047/048


## भोक्राहा नरसिंह गाँउपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

## भोक्राहा नरसिंह गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

### डेङ्गु रोगको केही प्रमुख लक्षणहरू:

एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मासपेशी/जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपानमा रुची नलाग्ने इत्यादी ।



माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।



### डेङ्गुबाट बच्ने/रोकथामका उपायहरु

- पूरा बाहुला भएको लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने ।
- घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूलदानी, कुलर आदीको पानी कम्तीमा एक हप्तामा एक पटक फेर्ने ।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

**तसर्थ लामखुट्टेको टोकाइबाट बच्न नै, डेङ्गुबाट बच्ने एकमात्र उपाय हो ।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०५/०७ मा दर्ता भएको **प्रा.लि.नं. १९६९७५** को **स्टुडियो नाईन आर्किटेक्ट्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/०७ मा दर्ता भएको **प्रा.लि.नं. २७२९२९** को **स्वाना क्रिएटिभ् प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा रोजगार

**कम्पनी:** WAHAJ AL HAYAT MEDICAL CO. — **शहर:** Saudi Arabia, Riyadh
**पुर्व स्वीकृत मिति:** २०८१/०३/१८ — **चलानी नं.:** ६०२२१८२० — **L.T. No.:** 307060

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 10 | 0 | स. काममा दक्ष | 1300 | ४६,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २६ गते (10 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9823485185
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** JASSIM TRANSPORT & STEVEDORING CO. WLL — **शहर:** KUWAIT
**पूर्व स्वीकृत मिति:** २०८१/०३/१८ — **चलानी नं.:** ६०२२१८१२ — **L.T. No.** 307103

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 40 | 0 | स. काममा दक्ष | 170 | ७३,८८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता सल्लाघारी भक्तपुरमा २०८१ असार २६, २७ र २८ गते (10, 11 & 12 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Index Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## साउदीमा रोजगार

**कम्पनी:** OHOUD FARRAJ MUHAMMAD AL SHAMMARI EST TO SERVE DRINKS — **शहर:** RIYADH
**पुर्व स्वीकृत मिति:** २०८१/०३/१८ — **चलानी नं.:** ६०२२१८१४ — **LT. No.:** 307082

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 8 | 0 | स. काममा दक्ष | 1200 | ४२,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी:** NASSER SAFAR AL-SHALAWI TRADING CO — **शहर:** Riyadh
**पुर्व स्वीकृत मिति:** २०८१/०३/०२ — **चलानी नं.:** ६०२२१३१० — **LT. No.:** 306592

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warahouse Worker | 28 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २६ गते (10 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.**
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** SARB UNITED CONTRACTING COMPANY — **शहर:** Saudi Arabia, RIYADH
**पूर्व स्वीकृत मिति:** २०८०/१२/२१ — **चलानी नं.:** ६०२१७९२० — **LT. No.:** 303036 — **पुन:** विज्ञापन

